# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## सिरिजङ्घा गाउँपालिका
## ताप्लेजुङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Scanned with CamScanner

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७८/७९

च.नं. २०२

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
सिरिजङ्घा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ताप्लेजुङ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

Scanned with CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९

च.नं.: २०१

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
सिरिजङ्घा गाँउपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले सिरिजङ्घा गाँउपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आयव्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ ।

२. लेखापरीक्षणबाट रु. ६ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नु पर्ने रु. १ लाख ३७ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ लाख ९४ हजार रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

Scanned with CamScanner

## लेखापरीक्षण प्रतिवेदन

## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, ४८३ वर्ग किलोमिटर क्षेत्रफल १६००० जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोष** – आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

पालिकालाई एकिकृत वार्षिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म ले प फा नं २७२) अनुसार पालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

### वित्तीय प्रतिवेदन

| विवरण | टिप्पणी | यस वर्ष रु | | | | गतवर्ष रु | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| 1 | 2 | ३ | ४ | ५ | ६+४+५ | ७ | ८ | ९+७+८ |
| **प्राप्ती (क+ख)** | | ५०९०७४६४८.३ | ५००८१०६९१.६ | ० | ५००८१०६९१.६ | ० | | |
| **क. प्राप्ति (सञ्चितकोषमा आम्दानी बाँधिने)** | | ४३८३२९४८३ | ४२६६२४०३१.१ | ० | ४२६६२४०३१.१ | | | |
| ११००० कर | | ६३१७८००० | ५९६४९९०१ | | ५९६४९९००.८३ | | | |
| १३००० अनुदान | | ३६६६२९००० | ३६४१७४१३०.३ | ० | ३६४१७४१३०.३ | | | |
| सङ्घीय सरकार | | ३३५९५९००० | ३३३५०४१३० | | ३३३५०४१३०.३ | | | |
| प्रदेश सरकार | | ३०६७०००० | ३०६७०००० | | ३०६७०००० | | | |
| १४००० अन्य राजस्व | | ५८२२४८२.९९ | ६५६६९३५.१७ | ० | ६५६६९३५.१७ | | | |
| १५००० विविध प्राप्ति | | २७००००० | २८००००० | | २८००००० | | | |
| **ख. अन्य प्राप्ति** | | ७०७४५१६५.३४ | ७४१८६६६०.४८ | ० | ७४१८६६६०.४८ | | | |
| वितरण गर्न बाकी राजस्व | | | ८५७०७ | | ८५७०७ | | | |
| कोषहरु | | १६२२६३६५.३४ | १४१२८७८१.४९ | | १४१२८७८१.४९ | | | |
| धरौटी | | | ७३२३४७० | | ७३२३४७० | | | |
| सङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५४५१८८०० | ५२६४८७०१.९९ | ० | ५२६४८७०१.९९ | | | |
| **भुक्तानी (ग+घ)** | | ५१७९३२१९६.६ | ४६४८६२२३३.३ | ० | ४६४८६२२३३.३ | | | |
| **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | ४४७१८७०३१.२ | ३९२६३४७४९.८ | ० | ३९२६३४७४९.८ | | | |
| २१००० पारिश्रमिक / सुविधा | | १५४२४१००० | १५०२४८३२४.४ | | १५०२४८३२४.४ | | | |
| २२००० मालसामान तथा सेवाको उपयोग | | ८११६६००० | ६६२४५४७३.९५ | | ६६२४५४७३.९५ | | | |
| २५००० सहायता (Subsidy) | | ४१४३१००० | ४१०७१००० | | ४१०७१००० | | | |
| २७००० सामाजिक सुरक्षा | | १२२८८००० | ७२१६३२२.२ | | ७२१६३२२.२ | | | |
| २८००० अन्य खर्च | | २६८३००० | २४०७३९६.६७ | | २४०७३९६.६७ | | | |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | | १५५३७८०३१.२ | १२५४४६२३२.७ | | १२५४४६२३२.७ | | | |



Scanned with CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **घ. अन्य भूक्तानी** | | ७०७४५१६५.३४ | ७२२२७४८३.४८ | ० | ७२२२७४८३.४८ | | | |
| कोषहरु | | १६२२६३६५.३४ | १४१२८७८१.४९ | | १४१२८७८१.४९ | | | |
| धरौटी | | ० | ५४५०००० | | ५४५०००० | | | |
| सङ्घीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ५४५१८८०० | ५२६४८७०१.९९ | | ५२६४८७०१.९९ | | | |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ० | ० | | ० | | | |
| **ङ. यो वर्षको बचत (न्युन)** | | -८८५७५४८.२३ | ३५९४८४५८.२९ | ० | ३५९४८४५८.२९ | | | |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | ८८५७५४८.२३ | ८८५७५४८.२३ | ० | ८८५७५४८.२३ | | | |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | | ४४८०६००६.५२ | ० | ४४८०६००६.५२ | ० | | |
| **बैंक तथा नगद बाकी** | | | ४४८०६००६.५२ | | ४४८०६००६.५२ | | | |



Scanned with CamScanner

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षणको दौरानमा देहाय बमोजिम असुली भएको भौचर पेश भएको छ । | |

| सि न | व्यहोरा | रकम | सञ्चीत कोष |
|---|---|---|---|
| १ | स्रोत फरक परेको | २७५२५०० | प्रदेश सञ्चित कोष |
| २ | मु अ कर दाखिला | १३९०० | सङ्घीय सञ्चित कोष |
| ३ | बिल भरपाई भन्दा बढी भुक्तानी | २०८९०८ | स्थानीय सञ्चित कोष |
| ४ | बढी भुक्तानी | ४९०० | सङ्घीय सञ्चित कोष |
| | जम्मा | २९८०२०८ | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी भए पश्चात रु. ५३५८६१ असुल भई विभिन्न सञ्चित कोषमा दाखिला भएको छ । | |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राखुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• स्थानीय तहले सञ्चित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **आर्थिक कारोबार** – यस पालिकामा यस वर्ष रु. ५००८०६९१आय भएकोमा २०७७ असार मसान्त सम्म रु. ४६४८६२२३३ खर्च भई रु. ३५९४८४५८ मौज्दात रहेको छ। गत वर्षको मौज्दात समेत वर्षान्तमा सञ्चित कोष र अन्य कोष रु. ४४८०६००६ रहेको देखियो। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।<br>• वडाहरु र गाउपालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्दा ( विउ विजन खरीद पाडा ,सुगुर, गाइ खरीद,कृषि सामान खरिद , सोलार खरिद, फर्निचर खरिद र सडक पुर्वाधार) विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकीकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढङ्गबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा आफ्नो गाउँपालिकाको भिलेज प्रोफाइल दुई वर्ष अघि नै तयार गरेकोमा उक्त प्रोफाइललाई सामयिक अद्यावधिक गर्नुपर्ने देखियो। | |



Scanned with CamScanner

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा बार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र बैंक बिचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाइयो। तर, बिजुली बत्ती र इन्टरनेट सेवाको पर्याप्तता तथा सुलभ नभएका कारण उक्त प्रणाली सञ्चालनमा व्यवधान रहेको जानकारी भयो।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा सो बमोजिम सबै समितिहरुगठन गरी क्रियाशील रहेको पाइयो।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत रहेको पाइएन।
- गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता क्रमशः अध्यावधिक गर्दै वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइयो।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरुहुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा सो नगरी जिल्ला दररेट निर्धारण समितिले तोकेकै



Scanned with CamScanner

- पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेष्ता र बैंक बिचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।
- स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाइयो। तर, बिजुली बत्ती र इन्टरनेट सेवाको पर्याप्तता तथा सुलभ नभएका कारण उक्त प्रणाली सञ्चालनमा व्यवधान रहेको जानकारी भयो।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा सो बमोजिम सबै समितिहरुगठन गरी क्रियाशील रहेको पाइयो।
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत रहेको पाइएन।
- गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता क्रमशः अध्यावधिक गर्दै वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइयो।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्रासिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भरपाईहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरुहुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा सो नगरी जिल्ला दररेट निर्धारण समितिले तोकेकै



Scanned with CamScanner

| | | |
|---|---|---|
| | दररेट लागू गरेको पाइयो।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाइएन तर कन्टिन्जेन्सी खाता भने राखेको पाइयो।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली, बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको नपाइएता पनि गाउँपालिका आफैंले उपभोक्ता समिति गठन गरी योजना सञ्चालन गरेको पाइयो भने यस आर्थिक वर्षदेखी स्थायी प्रकृतिको उपभोक्ता समितिको परिकल्पनालाई संस्थागत गर्न सिरीजङ्घा गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धि ऐन, २०७६ गाउँ सभा अधिवेशनबाट पारित गरी सोही बमोजिम जम्मा ७२ वटा टोल विकास संस्था गठन गरी कार्यान्वयनमा ल्याइएको पाइयो।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो बमोजिम गरेको पाइयो।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको।<br>• गाउँपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा सो बमोजिम नै गरेको पाइयो।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन । लगत अद्यावधिक गरिदैं गरेको जानकारी भने पाइयो।<br>तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उपाध्यक्ष श्री ज्ञानमाया चौहान गौतमले मिति २०७६।०३।१० गते रु. ४३६५००००० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७६।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५. | **चौमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |
| ६. | **पुँजीगत खर्च विधि** – कार्यालयबाट पेश भएको विवरणा अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो । | |

| पुँजीगत खर्च शिर्षक | कुल खर्च | चौमासिक खर्च (रुहजारमा) | | | अषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| कूल खर्चः | १२५४४६ | १३३२३ | १५४६५ | ९६६५८ | ४९१४४ |
| खर्च प्रतिशत | १०० | ११ | १२ | ७७ | ३९ |

| खरिद विधि | खर्च रकम |
|---|---|
| खुला बोलपत्र | ३६२९०८९० |
| सिलबन्दी दरभाउपत्र | ८९०८०० |
| सोझै | ४९५००० |
| उपभोक्ता समिति वा लाभग्राही समुदाय | ५७९५३७६० |
| कन्टिन्जेन्सी | १८७२५०० |
| जम्मा | ९७५०२९५० |

कुल खर्च मध्ये ६० प्रतिशत उपभोक्ता समितिबाट खर्च गरेकोले प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्ने तर्फ पालिकाको ध्यान पुग्नु पर्दछ ।

| | | |
|---|---|---|
| ७. | **खरिद योजना** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सो अनुरुप खरिद योजना तयार नगरी रु. ९७५०२९५० को खरिद गरेको पाइयो। अत ऐन तथा नियमावलीमा तोके बमोजिम गुरुयोजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ८. | **खरिद सम्झौता** – आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) अनुसार प्रथम चौमासिक अवधिमा ठेक्का सम्झौता गर्नुपर्ने स्पष्ट व्यवस्था भएकोमा तेश्रो चौमासिकमा १ वटा कामको रु.१८७६००० को ठेक्का सम्झौता गरेको पाइयो। कानूनमा उल्लेखित व्यवस्थाको पालना भएको नदेखिएकोले कानूनमा उल्लेखित व्यवस्थाको पालना गर्नेतर्फ गाउँपालिका व्यवस्थापन विशेष सर्तक रहनु पर्दछ । | |



Scanned with CamScanner

| | |
|---|---|
| ९. | **आन्तरिक ऋण** – स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ। यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन । |
| १०. | **योजना छनौट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले ५९ वटा सानो प्रकृतिका रु. ५००००० भन्दा घटीका योजना अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगर रु.२०८३२००० को छनौट तथा कार्यान्वयन गरेको देखियो । साना साना योजना वडाबाट छनौट गरी कार्यान्वयन गर्ने गरेकोले मध्यकालीन तथा दीर्घकालीन योजना बनाइ मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । |
| ११. | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ। उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन। उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन। उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराखे, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ। |
| १२. | **निर्माण कार्य सञ्चालनको अवस्था** – गाउँपालिकाले पेश गरेको विवरण अनुसार यसवर्ष देहाय अनुसारको खर्च भएको विवरण पेश भएको छ। कुल खर्च मध्ये ७०.३% उपभोक्ता समिति मार्फत खर्च गरेकोले निर्माण व्यवसायी मार्फत प्रतिस्पर्धात्मक रुपमा खर्च गर्ने तर्फ गाउँपालिकाको ध्यान जानु पर्ने देखियो। |

| कार्यक्रमको नाम | निर्माण कार्यमा भएको कुल खर्च | कुल खर्च मध्ये उपभोक्ता समिति मार्फत भएको रकम | निर्माण व्यवसायीबाट भएको रकम |
|---|---|---|---|
| सडक निर्माण | ४२८३८६६०।०० | २०७८८०९०।०० | २२०५०५७०।०० |
| भवन निर्माण | ८९८२७००।०० | ४९४०३८०।०० | ४०४२ २०।०० |
| सिचाइ | ९३८६३५०।०० | ८८८८३५० ०० | ४९८०००।०० |
| अन्य सार्वजनिक निर्माण | १०५९४९४०।०० | ३३९४९४०।०० | ७२०००००।०० |
| खेल मैदान | ४००००००।०० | २००००००।०० | २००००००।०० |
| विधुत संरचना | २५०००००।०० | २००००००।०० | ५०००००।०० |
| खानेपानी निर्माण | १५९४२०००।०० | १५९४२०००।०० | ०।०० |

| | |
|---|---|
| १३. | **नक्सा पास** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ। यो वर्ष पालिकामा नक्सा पास सम्बन्धि देहाय अनुसारको कामकारबाही भएको छ। | |

| क्र.सं. | घरनक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|---|
| | | | गत विगत वर्ष अनुमति ि एका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| १ | ३ | ९ | १० | ३ | १३ |

| | | |
|---|---|---|
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १४. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३० जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, लेखा अधिकृत सहित २० पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १५. | **स्थानीय तथ्याङ्क र अभिलेख** – स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ११ बमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ। तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १६. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। गाउँपालिकाले मिति २०७६ फागुनमा सम्पन्न गाउँ सभा अधिवेशनबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन पारित गरी सोही बमोजिम कम्प्युटर अपरेटर, हलुका सवारी चालक, कार्यालय सहयोगी जस्ता पदहरुमात्र करार सेवामा व्यवस्थापन गरेको छ भने करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ बमोजिम इञ्जिनियर, कृषि अधिकृत, सब इञ्जिनियर जस्ता रिक्त प्राविधिक पदमा समेत कर्मचारीको व्यवस्थापन गरेको छ। तर पालिकाले विभिन्न पदमा २० जना कर्मचारीहरु करारमा राखि रु. ४२ लाख ४३ हजार मात्र खर्च लेखेको छ । | |
| १७. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको देखिएन। तर उक्त कोषको सञ्चालन सम्बन्धि पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| १८. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमुना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, ७ वटा नियमावली, १७ कार्यविधि लगायत ३८ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। सबै कानूनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी कानून संग्रह भाग १ समेत प्रकाशन गरेको र भाग २ प्रकाशनको चरणमा रहेको जानकारी गराएको छ। | |
| १९. | **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ७ गरी कुल ८ विवाद दर्ता भएकोमा ७ वटा मात्र फछ्यौंट भई १ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| २०. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन,, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर गाउँपालिकाले नागरिक उपचार सहायता कोष परिचालन ऐन गाउँ सभा अधिवेशनबाट पारित गराई सोही बमोजिम मात्र उपचारमा सहयोग गर्न रकम खर्च लेखेको छ। यस वर्ष रु.३४८००० आर्थिक सहायता वितरण गरेको देखियो। | |
| २१. | **महोत्सव तथा अन्य खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन। तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.८७५००० खर्च गरेको छ। | |
| २२. | **स्थानीय तहहरूको विभाज्य कोष** - प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धि ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मनोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने बिभाज्य कोषको हिसाब राखेका छैन। जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यथार्थ असुलीका अभिलेख नहुदाँ बिभाज्य कोषको बारेमा एकिन हुन सकिएन। अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्य कोषको रकम बाँडफाँड गर्नुपर्दछ। | |
| २३. | **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर सङ्कलन नदेखिएकोले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ। | |
| २४. | **राजश्व कारोबारको लेखा** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०३ र १०८ प्रयोग नगरी आम्दानी गरेको छ। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०३ र म.ले.प.फा.नं. १०८ राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो ।असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ। आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| २५. | **सेवा प्रवाह –** गाउँपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ । | |

| विवरण | सेवा प्राप्तिका लागि | सिफारिस संख्या |
|---|---|---|



Scanned with CamScanner

| | निवेदन संख्या | |
|---|---|---|
| नागरिकता सिफारिस | २०४ | २०४ |
| घरबाटो सिफारिस | २४ | २४ |
| नाता प्रमाणित | ५२ | ५२ |
| जन्म, मृत्यु दर्ता | ११४१ | ११४१ |
| अन्य | ७०६ | ७०६ |

**आयकर एवं मु अ कर**

२६. **मूल्य अभिवृद्धि कर कट्टी** - ९८।०७७।३।१५ समानीकरण पुंजीगत , आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शिर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले प्रमी ईन्टरप्राईजेजलाइ रु.१५८७९८ मु.अ.कर भुक्तानी दिदा ५० प्रतिशत रु. ७९३९९ कट्टी नगरी फर्मलाई नै भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनेपर्ने रु. ७९३९९

२७. **वन पैदावार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धि आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन। आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ।

**शसर्त अनुदान**

